बैठक संख्या : १७ स्थान : राप्ती न.पा.वडा नं. ७ कार्यालयको (सभाहल)

मिती : २०७४।१०।३ गते समय : साँझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**प्रश्तावहरु :**

१. नगरसभामा पेश गरिने ऐनको मस्यौदा तयारी गर्ने सम्बन्धमा ।

२. नगरसभा संचालन व्यवस्थापन सम्बन्धमा ।

३. नगरपालिकाको भवन निर्माण गर्ने सम्बन्धमा ।

४. सामाजिक सुरक्षा भत्ता वितरण बैक मार्फत वितरण गर्ने सम्बन्धमा ।

५. इन्जिनियर र सूचना प्रविधि अधिकृतको सेवा करार गर्ने सम्बन्धमा ।

६. पूर्व पश्चिम राजमार्गको सरसफाई गर्ने सम्बन्धमा ।

७. विरेन्द्रनगरमा स्वास्थ्य चौकी माग गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती नगरपालिकाको दोस्रो नगरसभा पेश गर्नुपर्ने विभिन्न ऐनहरुको मस्यौदा तयार गर्न नगर प्रमुख श्री प्रभा बराल पौडेलको संयोजकत्वमा देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

१. प्रमुख प्रभा वराल पौडेल
२. उपप्रमुख इमान सिंह लामा
३. प्रमुख प्रशासकिय अधिकृत मिठाराम हुमागाई
४. विधेयक मस्यौदा समितिका संयोजक श्री सुमिता डल्लाकोटी
५. कानुनी सल्लाहाकार श्री
६. विषय विज्ञ श्री
७. विषयगत शाखाका प्रमुख श्री

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७४।१०।१२ गते हुने दोस्रो नगरसभाको तयार तथा व्यवस्थापन गर्न देहाय बमोजिम तयारी तथा व्यवस्थापन समिति गठन गरी सो समितिलाई मञ्च व्यवस्थापन, अतिथि सत्कार लगायतका सभा सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य गर्ने जिम्मेवारी देहायको समितिलाई दिने र आवश्यक खर्चको व्यवस्था नगर कार्यपालिका कार्यालयबाट गर्ने निर्णय गरियो ।

१. संयोजक नगर कार्यपालिका सदस्य श्री श्यामलाल वि.क.
२. सदस्य वडा अध्यक्ष श्री सुमिता डल्लाकोटी
३. सदस्य वडा अध्यक्ष श्री बुद्धिराज थपलिया
४. सदस्य वडा अध्यक्ष श्री देवेन्द्र लामा
५. सदस्य नगर कार्यपालिका सदस्य श्री आइती देवी दराई

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ राप्ती नगरपालिकाको प्रशासनीक भवन निर्माण गर्ने सम्बन्धमा यस अघि भएका औपचारिक अनौपचारिक छलफल स्थानीय आवश्यकता, नागरिकको सहज पहुच नगरपालिकामा रहेका स्थान आदि समेतको आधारमा हाल राप्ती नगरपालिका कार्यालय रहेको स्थानको पश्चिम दक्षिण तर्फ हाल मत्स्य विकास केन्द्रको साविकमा पोखरी भएको तर लामो समय देखि खाली रहेको जग्गामा नगरपालिकाको प्रशासनीक भवन निर्माण गर्न सो स्थानको माटो परिक्षण लगायत भवनको नक्सा ड्रइङ डिजाइन गरी निर्माण कार्य शुरु गर्ने र सो को जानकारी सम्बन्धित निकायहरुमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका भित्रबाट सामाजिक सुरक्षा बापतको रकम पाउने लाभग्राहीहरुको बैक खाता मार्फत अनिवार्य रुपमा रकम भुक्तानी गर्ने भन्ने सरकारको निर्देशिन तथा लाभग्राहीको खाता खोली बैक मार्फत रकम भुक्तानी गर्ने कार्यपालिकाबाट निर्णय भइ सकेको अवस्थामा वडा अध्यक्ष ज्यूहरु र विभिन्न बैकहरुसँग भएको छलफल तथा निर्णय समेतको आधारमा देहायका वडामा लाभग्राहीहरुलाई देहायको बैक मार्फत खाता खाली भत्ता वितरण गर्ने निर्णय गरियो ।

| सि.नं. | बैकको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | प्रभु बैक गड्यौली | १, २ र ३ | अशक्त भएकोले बैकमा आइ भत्ता लिन नसक्ने भनि निवेदन प्राप्त भएको हकमा सो चौमासिकको भत्ता वितरण शुरु भएको १ महिना पछि पायक पर्ने स्थानमा गई वितरण गर्ने । |
| २ | नेपाल बैक भण्डारा | ४ र ६ | |
| ३ | सानिमा बैक भण्डारा | ५ | |
| ४ | कामना बैक विरेन्द्रनगर | ६, ७, १२ र १३ | १२ र १३ को यउरालीटार र ठकरीभन्ज्याङबाट वितरण गर्ने । |
| ५ | सिभिल बैक विरेन्द्रनगर | ९, १० र ११ | १० र ११ को आपपानी, खहरे र ठकरीभन्ज्याङबाट वितरण गर्ने । |

**निर्णय नं. ५**

प्रस्ताव नं.५ माथि छलफल गर्दा राप्ती नगरपालिकाको साविक दरबन्दी अनुसार रिक्त इञ्जिनियर, छैटौ तहको पद-१ सेवा करारमा लिन मिति २०७४।८।७ मा विज्ञापन प्रकाशन गरी प्रतिस्पर्धाको रुपमा छनौट भई आएका राप्ती-७ चितवन निवासी श्री अर्जुन पौडेलसँग गरिएको करार सम्झौताको अनुमोदन गर्दै छनौट प्रक्रियाबाट करारको सिफारिस भइ आएका स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) तर्फ राप्ती नगरपालिका-२ बस्ने श्री लक्ष्मी कडेलसँग करार सम्झौता गरी काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको लोथर खोला देखी पश्चिम सीमा रहेको खुरखुरे बजार सम्मको पूर्व पश्चिम लोकमार्ग दायाँवायाँ २५/२५ मिटर जग्गा खाली गर्ने सो स्थानहरुमा डिभिजन सडक कार्यालयबाट सडक खाली गर्न सम्पूर्ण कार्य गर्ने, अस्थायी नाला निर्माण गर्ने, बाटोको खाल्टा खुल्टी पुर्ने र सोको लागि चितवन पोष्टमा मिती २०७४।१०।३ मा सूचना प्रकाशन भएको व्यहोरा समेतको जानकारी लिइयो । सबै वडा अध्यक्ष ज्यूहरुले आफ्नो नेतृत्वमा पत्रिकामा सूचना प्रकाशन भएको व्यहोरा सडक छेउका सबै सरोकारवालाहरुलाई पत्रिका नै वितरण गरी जानकारी गराउने र सडक क्षेत्राधिकारको जग्गा खाली गराउने कार्यमा सबैले स्थानीय रुपमा समन्वय गरी सहयोग लिने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राप्ती नगरपालिकामा मौजुदा स्वास्थ्य चौकी निजी स्वास्थ्य संस्था आदिको वर्तमान अवस्था समेतको आधारमा वीरेन्द्रनगरका नागरिकहरुलाई पाएक पहुच भएको नदेखिएकोले राप्ती-७ वीरेन्द्रनगरमा स्वास्थ्य चौकी स्थापना गरी दिन नेपाल सरकारको सम्बन्धित विभाग मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।